३२०

# राष्ट्रिय सूचना आयोग

## प्रमुख सूचना आयुक्त कृष्णहरि बाँस्कोटा
## सूचना आयुक्त किरणकुमार पोखरेल
## सूचना आयुक्त यशोदादेवी तिम्सिना

## आदेश

मु.नं. ४४१/२०७१/०७२
निर्णय नं. ७

कृष्णनगर नगरपालिका वडा नं. १ बस्ने प्रभात भण्डारी समेत ........................................१ पुनरावेदक

**विरूद्ध**

कार्यकारी प्रमुख, कृष्णनगर नगरपालिका कार्यालय, कृष्णनगर, कपिलवस्तु ..........................१ विपक्षी
सूचना अधिकारी, कृष्णनगर नगरपालिका कार्यालय, कृष्णनगर, कपिलवस्तु ...........................१

विषय :- **माग बमोजिमको सूचना उपलब्ध गराएकोले लगत कट्टा गर्नू ।**

कृष्णनगर नगरपालिका वडा नं. १ बस्ने प्रभात भण्डारी समेतले कृष्णनगर नगरपालिका कार्यालय, कृष्णनगर, कपिलवस्तु समक्ष सूचना माग गरेकोमा सूचना उपलब्ध नगराएकोले उपलब्ध गराई पाउँ भनी यस आयोग समक्ष मिति २०७२।०३।०९ मा पुनरावेदन गरेको र यस आयोगबाट मिति २०७१।०३।०९ को आदेश बमोजिम कृष्णनगर नगरपालिका कार्यालय, कृष्णनगर, कपिलवस्तुको मिति २०७२।०३।२०, च.नं.१८०८, प.सं.२०७१/७२ को पत्र मार्फत पुनरावेदकले माग गरेको सूचना पुनरावेदकलाई उपलब्ध गराईएको जानकारी पत्र आयोगमा प्राप्त हुन आएकोले यस सम्वन्धमा थप केही गरिरहनु परेन । प्रस्तुत पुनरावेदनको लगत कट्टा गर्नू । यसको जानकारी पुनरावेदकलाई दिनू ।

| (यशोदादेवी तिम्सिना) | (किरणकुमार पोखरेल) | (कृष्णहरि बाँस्कोटा) |
| --- | --- | --- |
| सूचना आयुक्त | सूचना आयुक्त | प्रमुख सूचना आयुक्त |

ईति सम्वत् २०७२ साल साउन २५ गते रोज २ शुभम् ।